# उच्च अदालत तुलसीपुर, नेपालगंज इजलास

संयुक्त इजलास

माननीय न्यायाधीश श्री पवन कुमार शर्मा न्यौपाने

माननीय न्यायाधीश श्री राजेश कुमार काफ्ले

**आदेश**

दायरी नम्बरः ०७६-WH-०००७

रजिष्ट्रेशन नम्बरः १३-०७६-०१२५९

निर्णय नं. :-२४३

मुद्दा : बन्दीप्रत्यक्षीकरण।

हाल कारागार कार्यालय बाँकेमा थुनामा रहेका बलराम गिरीको छोरा प्रजुन गिरी, भिम बहादुर रावलको छोरा श्रीशेष रावल, दिल बहादुर बस्नेतको छोरा लिला बहादुर बस्नेत, सदे रोकायाको छोरा मेघराज रोकाया, अस्लम सिद्दिकीको छोरा समिर सिद्दिकी, सुन्दर हरिजन, विर बहादुर शाहको छोरा मिन बहादुर शाह, गिरीजान कामीको छोरी सिता कामी र दले कामीको छोरा हस्त बहादुर वि.क.समेत ९ जनाको हकमा नेपाल बार एसोसियसनका उपाध्यक्ष एंव महिला कानुन र विकास मञ्चका सयोजक अधिवक्ता श्री सुनिल कुमार श्रेष्ठ----------१

उच्च अदालत बार एसोसियसन नेपालगंजका अध्यक्ष अधिवक्ता श्री विकास आचार्य----------------------------------------------------------१

उच्च अदालत बार एसोसियसन नेपालगंजका सचिव अधिवक्ता श्री चित्र बहादुर शाही------------------------------------------------------------१ — निवेदक

उच्च अदालत बार एसोसियसन नेपालगंजका सदस्य तथा एडभोकेसी फोरमका अधिवक्ता श्री बसन्त गौतम--------------------------------------------१

जिल्ला अदालत बार एसोसियसनका अध्यक्ष अधिवक्ता श्री मोहम्मद अयुव सिद्दिकी---------------------------------------------------------१

बरिष्ठ अधिबक्ता श्री भोला सिंह हमाल-------------------------------१

नेपाल बार एसोसियसनका पुर्व केन्द्रिय उपाध्यक्ष अधिबक्ता श्री प्रहलाद बहादुर कार्की--------------------------------------------------------१

साविक पुनरावेदन अदालत बार एसोसियन नेपालगंजका पुर्व अध्यक्ष अधिवक्ता श्री धुब्र प्रसाद बस्याल------------------------------------------------------------१
ऐ.ऐ.बारका पुर्व अध्यक्ष अधिवक्ता श्री लोक बहादुर शाह--------------------१
ऐ.ऐ.बारका पुर्व अध्यक्ष अधिवक्ता श्री ईश्वरी प्रसाद ज्ञवाली------------------१
ऐ.ऐ. बारका निवर्तमान अध्यक्ष अधिवक्ता श्री बल बहादुर चन्द-------------१
जिल्ला अदालत बार एसोसियसन नेपालगंजका पुर्व अध्यक्ष तथा IHRC का अध्यक्ष अधिबक्ता श्री विश्वजीत तिवारी--------------------------------------१

विरुद्ध

बाँके जिल्ला अदालत------------------------------------------------------१ } विपक्षी
कारागार कार्यालय बाँके--------------------------------------------------१

**नेपालको संविधानको धारा १४४ तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ८(१) तथा बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्र पर्ने भै दायर हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य र ठहर यस प्रकार छ ।**

तथ्य खण्ड

१. हामी निवेदकहरु कानुन व्यवसायमा संलग्न रही पेशागत हकहितका साथसाथै कानुनको शासन,मानव अधिकार,लोकतन्त्र न्यायिक सर्वोच्चता,सार्वजनिक सरोकारका विषयमा समेत वकालत गर्दै आएका छौ। नोभेल कोरना भाईरसको विश्वव्यापी संक्रमण तथा महामार।का कारण नागरिकको जीवन रक्षाका खातिर नेपाल सरकारले मिति २०७६।१२।११ देखि मिति २०७७।०१।२३ सम्मका लागि देशभर लकडाउनको घोषणा गरेको र यसै सन्दर्भमा सम्मानित श्री सर्वोच्च अदालतको मितिल २०७६।१२।०७ मा बसेको फुलकोर्टले कारागारमा कैदी बन्दीको भिडभाड कम गर्ने प्रयोजनार्थ मुलुकी फौजदारी कार्यविधी संहिता,२०७४ को दफा १५५ बमोजिम कैद वापतको रकम लिई कैदबाट छोडीपाउन निवेदन परेमा रकम लिई कैदबाट छोडिदिन उपयुक्त देखिएमा न्यायाधिशको ईजलासबाट आवश्यक आदेश गरी छोड्ने व्यवस्था गर्ने भनी निर्णय गरेको र उक्त निर्णयलाई कार्यान्वयनका लागि सबै अदालतमा पत्राचार भएको तथा उक्त निर्णयलाई कार्यन्वयन गर्न मिति २०७६।१२।१२ र मिति २०७६।१२।२१ को फोलकोर्टले समर्थन गर्दै सोही बमोजिम गर्नगराउन मातहतका अदालतलाई पत्राचार भएको अवस्था छ। प्रतिवादीहरु प्रजुन गिरी समेत ९ जना विभिन्न मुद्दामा कसुरदार ठहरी निजहरुलाई १ बर्ष र सो भन्दा कम कैद सजाय तथा जरीवाना हुने ठहऱ्याई बाँके जिल्ला अदालतबाट फैसला भएको र प्रतिवादी प्रजुन गिरी समेत हाल उक्त फैसला बमोजिम कारागारा कार्यालय बाँकेमा कैद भुक्तान

गरिरहेका छन्। सम्मानित श्री सर्वोच्च अदालतको निर्णय बमोजिम प्रतिवादीहरुले बाँके जिल्ला अदालतमा आफूलाई लागेको कैद सजाय वापत रकम दाखिला गरी कैद छुट गरि पाँउ भनी निवेदन दिएकोमा श्री बाँके जिल्ला अदालतबाट प्रतिवादीहरु उपर १ बर्ष भन्दा बढीको सजायको मागदावी रहेकोले उल्लेखित कानुनी व्यवस्था बमोजिम कैद वापत रकम लिई छोड्न नमिल्ने भनी मिति २०७६।१२।२६ मा आदेश भएकोले उक्त आदेशबाट प्रतिवादीहरु गैरकानुनी रुपमा थुनामा बस्न बाध्य भएका र कारागार कार्यालयमा क्षमता भन्दा बढी कैदी बन्दी रहेका र हाल विश्वभरि महामारिका रुपमा फैलिरहेको कोरना भाईरसको संक्रमणबाट बच्न सामाजिक दुरी र लकडाउन नै अचुक औषधी रहेको अवस्थामा कारागार कार्यलयमा रहेको भिडभाडलाई न्युन गरि सामाजिक दुरी कायम गरी बर्तमान संक्रमणलाई रोकथाम तथा न्यनिकरणका लागि सम्मानित श्री सर्वोच्च अदालतबाट निर्णयहरु भएकाले प्रतिवादीहरुलाई मुलुकी फौजदारी कार्यविधी संहिता,२०७४ को दफा १५५ को कानुनी सुविधा दिन नमिल्ने गरि बाँके जिल्ला अदालतबाट मिति २०७६।१२।२६ मा भएका सबै आदेशहरु बदर गरी प्रतिवादीहरुले कैद वापतको रकम र जरीवाना रकम समेत बुझाएमा कैदबाट तत्काल छोड्नु छोडाउनु गैर कानुनी थुनाबाट मुक्त गराउनु भनी विपक्षीहरुका नाँउमा नेपालको संविधानको धारा १४४(१)(२),न्याय प्रशासन ऐन,२०७३ को दफा८(१) र उच्च अदालत नियमावली,२०७३ कव नियम ३९ बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश लगायत उपयुक्त आदेश जारी गरी पाँउ भन्ने समेत बेहोराको निवेदन।

२. यसमा के-कसो भएको हो ?निवेदकको निवेदन माग बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने कुनै आधार, कारण र प्रमाण भए सो समेत साथै राखी म्याद सुचना तामेल भएका मितिले बाटाका म्याद बाहेक ७ दिन भित्र उच्च सरकारी वकील कार्यालय नेपालगंज मार्फत लिखित जवाफ पेश गर्नु भनी प्रस्तुत आदेश र निवेदनको प्रतिलिपि समेत साथै राखी बिपक्षीहरुको नाउँमा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा पर्ने अवधी व्यतित भएपछि नियमानुसार पेश गर्नु भन्ने मिति २०७६।१२।२८ को आदेश ।

३. निवेदकहरुलाई सम्मानित बाँके जिल्ला अदालत नेपालगंजको कैदीपुर्जी अनुसार थुनामा राखीएको हो।हामीले गैर कानुनी तबरबाट थुनामा नराखेको हुँदा निवेदकहरुको रिट निवेदन खारेज गरी पाँउ भन्ने समेत बेहोराको कारागार कार्यालय बाँकेको लिखित जवाफ।

४. निवेदकहरुको तर्फबाट मुलुकी फौजदारी कार्यविधी संहिता,२०७४ को दफा १५५ बमोजिम कैद वापत रकम लिई छोडी पाउन यस अदालतमा निवेदन परेकोमा कोरना भाईरसको

महामारी जस्तो विपदको अवस्थामा उक्त निवेदनहरुको न्यायिक मनको प्रयोग गरी कैद वापतको रकम लिई कैदमुक्त गर्न सकिने भनी सम्मानित सर्वोच्च अदालतबाट पटक पटक परिपत्र भई आएको थियो। सोही परिपत्र प्राप्त भएपश्चात् उक्त निवेदनहरुको सुनवाई गर्ने क्रममा मुलुकी फौजदारी कार्यविधी संहिता,२०७४ को दफा १५५ को व्यवस्था,निवेदकहरु ऐ.ऐनको दफा २(छ) को कसुरदार ठहरी निजहरुलाई सामान्य कसुरमा परिणत भएकाले फैसला हुँदाकै अवस्थामा पर्याप्त विचार गरि कम सजाय गरिएकोमा १ बर्ष वा सो भन्दा कम सजाय गरिएको आधारले मात्र सो दफा १५५ बमोजिम रकम लिई कैदबाट छाडी दिन उपयुक्त नदेखिएको भनी तत् तत् निवेदनमा कारण खुलाई विचार गर्नुपर्ने कुरालाई ध्यानमा राखी निर्णय गरिएको हो। कानुनबाट अधिकारप्राप्त निकायबाट कसुरदार ठहर गरी कारागारमा कैदमा रहेका निवेदकहरुको थुनालाई गैरकानुनी थुना भनी तथ्यमा प्रवेश गरी प्रस्तुत बन्दीप्रत्यक्षीकरणको निवेदनबाट आदेश जारी हुनुपर्ने अवस्था नरहेकाले प्रस्तुत निवेदन खारेज गरि पाँउ भन्ने समेत बेहोराको बाँके जिल्ला अदालतको लिखित जवाफ।

## आदेश खण्ड

५. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेशी सुचिमा चढी इजलाश समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा रिट निबेदन सहितको मिसिल अध्ययन गरी निबेदकहरु वरिष्ठ अधिबक्ता श्री भोलासिंह हमाल, विद्वान अधिबक्ताहरु श्री सुनिल कुमार श्रेष्ठ,श्री धुव्र प्रसाद बस्याल,श्री लोक बहादुर शाह,श्री प्रहलाद बहादुर कार्की,श्री विकास आचार्य,श्री गणेश प्रसाद शर्मा,श्री ईश्वरी प्रसाद ज्ञवाली,श्री बल बहादुर चन्द,श्री चित्र बहादुर शाही,श्री मोहम्मद अयुब सिद्दिकी,श्री विश्वजीत तिवारी,श्री रामकुमार दिक्षित,श्री बसन्त गौतम र श्री पुर्णप्रसाद ढकाल तथा विपक्षीका तर्फबाट उपस्थित हुनुभएका उच्च सरकारी वकिल कार्यालय नेपालगंजका विद्वान सह न्यायाधिबक्ता श्री दमनसिंह बिष्टले गर्नु भएको बहस समेत सुनियो।

६. बिश्व महामारीका रुपमा फैलिरहेको कोरना भाईरस संक्रमणलाई न्युन गर्न कारागार कार्यालयमा क्षमता भन्दा बढी कैदीबन्दी रहेकाले कारागारमा कैदी बन्दीको भिडभाड कम गर्ने प्रयोजनार्थ मुलुकी फौजदारी कार्यविधी संहिता,२०७४ को दफा १५५ बमोजिम कैद वापतको रकम लिई कैदबाट छाडीपाउन निवेदन परेमा रकम लिई कैदबाट छोडिदिन उपयुक्त देखिएमा न्यायाधिशको ईजलासबाट आवश्यक आदेश गरी छोड्ने व्यवस्था गर्ने भन्ने श्री सर्वोच्च अदालतको फुलकोर्टबाट मिति २०७६।१२।०७ मा निर्णय भएको र सोही निर्णय बमोजिम विभिन्न मुद्दामा १ बर्ष वा १ बर्ष भन्दा कम कैद सजाय भई हाल कैद

सजाय भोगिरहेका प्रतिवादी प्रजुन गिरी समेतले भुक्तान गर्न बाँकी रहेको कैद वापत रकम र लागेको जरीवाना तिरी कैद मुक्त गरिपाँउ भनी बाँके जिल्ला अदालतमा निवेदन दिएकोमा बाँके जिल्ला अदालतबाट प्रतिवादीहरु उपर १ बर्ष भन्दा बढीको सजायको मागदावी रहेकोले उल्लेखित कानुनी व्यवस्था बमोजिम कैद वापत रकम लिई छोड्न नमिल्ने भनी मिति २०७६।१२।२६ मा आदेश भई प्रतिवादीहरु गैर कानुनी थुनामा रहेको हुँदा बाँके जिल्ला अदालतबाट मिति २०७६।१२।२६ मा भएका सबै आदेशहरु बदर गरी प्रतिवादीहरुले कैद वापतको रकम र जरीवाना रकम समेत बुझाएमा कैदबाट तत्काल छोड्नु छोडाउनु गैर कानुनी थुनाबाट मुक्त गराउनु भनी विपक्षीहरुका नाँउमा बन्दीप्रत्यक्षीकरणको आदेश लगायत उपयुक्त आदेश जारी गरी पाँउ भन्ने समेत निवेदन दावी रहेकोमा निवेदकहरुलाई सम्मानित बाँके जिल्ला अदालत नेपालगंजको कैदीपुर्जी अनुसार थुनामा राखीएको हो। हामीले गैर कानुनी तबरबाट थुनामा राखेको नहुँदा निवेदकहरुको रिट निवेदन खारेज गरी पाँउ भनी कारागार कार्यालय बाँकेको लिखित जवाफ परेको देखियो। प्रतिवादीहरुको निवेदनहरुको सुनवाई गर्ने क्रममा मुलुकी फौजदारी कार्यविधी संहिता,२०७४ को दफा १५५ को व्यवस्था,निवेदकहरु ऐ.ऐनको दफा २(छ) को कसुरदार ठहरी निजहरुको कसुर सामान्य कसुरमा परिणत भएकाले फैसला हुँदाकै अवस्थामा पर्याप्त विचार गरि कम सजाय गरिएकोमा १ बर्ष वा सो भन्दा कम सजाय गरिएको आधारले मात्र सो दफा १५५ बमोजिम रकम लिई कैदबाट छाडी दिन उपयुक्त नदेखिएको भनी तत् तत् निवेदनमा कारण खुलाई विचार गर्नुपर्ने कुरालाई ध्यानमा राखी निर्णय गरिएको हुँदा कानुनबाट अधिकारप्राप्त निकायबाट कसुरदार ठहर गरी कारागारमा कैदमा रहेका निवेदकहरुको थुनालाई गैरकानुनी थुना भनी तथ्यमा प्रवेश गरी प्रस्तुत बन्दीप्रत्यक्षीकरणको निवेदनबाट आदेश जारी हुनुपर्ने अवस्था छैन भन्ने समेत बेहोराको बाँके जिल्ला अदालतको लिखित जवाफ रहेको पाईयो।

७. उल्लेखित तथ्य,निवदेन दावी तथा बहस जिकिर रहेको प्रस्तुत निवेदनमा निबेदकहरुको माग बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने हो, होइन ? भन्ने बिषयमा निर्णय दिनु पर्ने देखियो।

८. निर्णय तर्फ बिचार गर्दा,यी निवेदकहरुलाई मुलुकी फौजदारी कार्यविधी संहिता,२०७४को दफा १५५ बमोजिम कैद वापत रकम लिई यी निवेदक प्रजुन गिरी समेत जना ९ लाई कैद मुक्त गर्न ईन्कार गरी बाँके जिल्ला अदालतबाट मिति २०७६।१२।२६ मा भएको आदेश उपर प्रचलित कानुन बमोजिम उक्त आदेश बदर गराउने कानुनी मार्गको

व्यवस्था भएको नपाईएबाट निवेदकहरु प्रस्तुत बन्दीप्रत्यक्षीकरणको निवेदन मार्फत यस अदालतमा प्रवेश गरेको देखिन आयो।

९. बाँके जिल्ला अदालतबाट सोही मिति २०७६।१२।२६ मा १ बर्ष भन्दा कम सजाय माग दावी भएको मुद्दाका कैद भुक्तान गरिरहेका व्यक्तिहरुका हकमा उक्त दफा १५५ बमोजिम कैद र जरीवाना वापतको रकम बुझाएमा कैदबाट छाडिदिने गरी आदेश भएको समेत देखिन आयो।

१०. प्रस्तुत बन्दी प्रत्यक्षीकरणको निवदेनमा निवेदकहरु प्रजुन गिरी श्रीशेष रावल,लिला बहादुर बस्नेत,मेघराज रोकाया,सुन्दर हरिजन,समिर सिद्दिकी,मिन बहादुर शाह,सिता कामी र हस्त बहादुर वि.क. समेतलाई विभिन्न मुद्दामा १ बर्ष सम्म कैद भएको भन्ने देखिन आउँछ।

११. मुलुकी फौजदारी कार्यविधी संहिता,२०७४ को दफा १५५ ले मुद्दाको वर्गिकरण नगरी कुनै कसुरमा पहिलो पटक कसुरदार ठहरी एक बर्ष वा एक बर्ष भन्दा कम कैदको सजाय भएको मुद्दामा कसुरदारको उमेर,कसुरको गम्भिरता,कसुर गरेको तरिका,आचरण समेतलाई विचार गरी कारागारमा राख्नु उपयुक्त नदेखिएमा तथा निजलाई छोड्दा सार्वजनिक शान्ति,कानुन र व्यवस्थामा खतरा पुग्ने समेत नदेखिएमा त्यसको कारण खुलाई अदालतले निजलाई कैदमा राख्नुको सट्टा त्यस वापत रकम लिई कैदबाट छाडिदिन उपयुक्त ठह्र्याएमा कैद वापतको रकम तिरी कैद बस्नु नपर्ने गरी आदेश दिन सक्नेछ भनी केही सर्त (Condition) राखी कैद र जरीवाना वापतको रकम लिई कैद बस्न नपर्ने गरि आदेश दिन सक्नेछ भन्ने कानुनी व्यवस्था भएको पाईन्छ।

१२. बाँके जिल्ला अदालतबाट यी निवेदकहरुका हकमा मुलुकी फौजदारी कार्यविधी संहिता,२०७४ को दफा १५५ बमोजिम गरेको आदेश उपर उक्त आदेश बदरका लागि पुनरावेदन सुन्ने अदालतमा निवेदन गर्न सक्ने कानुनी प्रावधान देखिन आएन।तत्कालिन मुलुकी ऐनको १७ नं. ले पुनरावेदन सुन्ने अड्डाले आफ्ना मातहतका अड्डामा परेका मुद्दाको काम कारवाहीमा म्याद नाघेको वा बेरित भएको छ भन्ने कुरा झगडियाका निवेदनबाट वा अरु कुनै किसिमसंग थाहा पाएमा आवश्यकतानुसार सो मुद्दाको मिसिल समेत झिकि पन्ध्र दिनसम्ममा कैफियत तलब गरी म्याद नघाएको वा बेरीत भएको देखिएमा कानुन बमोजिम गर्नु गर्न लाउनु पर्छ भनी गरेको व्यवस्था मुलुकी फौजदारी कार्यविधी संहिता,२०७४ को दफा १५५ मा नभएबाट यी निवेदकहरु बन्दीप्रत्यक्षीकरणको निवेदन मार्फत अदालत प्रवेश गर्नुपर्ने अवस्थाको श्रृजना भएबाट राष्ट्रिय आवश्यकता,सरकारको Lockdown को

घोषणा र Social Distancing एंव कोरना भाईरस संक्रमणका उच्चतम जोखिम र त्यसबाट हुनसक्ने क्षति एंव जोखिमलाई नजर अन्दाज गर्न नमिल्ने साथै थुनुवा कैदीको समेत अन्य नागरिकको सरह जीवनको सुरक्षा (Right to live), स्वास्थ्य सुरक्षा तथा संक्रमणबाट सुरक्षित हुन पाउने अधिकारलाई हेर्दा र कानुनको उद्देश्य सार्वजनिक हितमा रहने हुँदा यी निवेदकहरुलाई हालको अवस्थाको महामारीबाट उत्पन्न हुन सक्ने संक्रमणबाट टाढा राखि यीनीहरुको स्वास्थ्य सम्बन्धी अधिकार समेतलाई ध्यानमा राख्नुपर्ने हुँदा मुलुकी फौजदारी कार्यविधी संहिता,२०७४ को दफा १५५ को आदेश उपर परेको प्रस्तुत बन्दीप्रत्यक्षीकरणको निवेदनलाई अन्यथा मान्न सकिएन।

१३.हालको कोरना भाईरस(कोभिड-१९) ले उत्पन्न महामारीको परिस्थितिमा सम्मानित श्री सर्वोच्च अदालतको मिति २०७६।१२।०७ को र क्रमशः त्यसपछिका मिति २०७६।१२।१२,२०७६।१२।२१ र २०७६।१२।२८ फुल कोर्टको निर्णयले समेत अहिलेको संक्रमणको विषम परिस्थितिमा सकेसम्म सामाजिक दुरी (Social Distance) कायम गर्नुपर्ने र कारागारमा क्षमता भन्दा ज्यादै ठुलो मात्रामा कैदी बन्दीहरु कोच्चिएर बसेको यथार्थताको अवस्थामा यी निवेदकहरुको स्वास्थ्य र यीनीहरुलाई हुनसक्ने,यीनीहरुबाट सर्न सक्ने कोरना भाईरसको अवस्थालाई दृष्टीगत गर्दा पनि यी निवेदकहरुलाई कानुनले प्रदान गरेको सुविधा उपलब्ध गराई आईसोलेसन गर्नु आवश्यकताको सिद्दान्त (Doctrine of Necessity) बाट पनि उपयुक्त देखिन आउँछ।

१४.कोरना भाईरसको संक्रमण बढ्न नपाओश भनि सिङ्गो देश नै बन्दाबन्दीको स्थितिमा रहेको अवस्थामा कारागारमा रहेको कैदीका पनि अन्य नागरिकको सरह जीवन रक्षा स्वास्थ्यको सुरक्षा तथा संक्रमणबाट सुरक्षित राख्नुपर्ने दायित्व राज्यमा रहेको हुन्छ।थुनुवा/कैदीको हकमा पनि न्युनतम मानवीय व्यवहार गर्नुपर्ने देखिन्छ भने कारागारमा क्षमता भन्दा ज्यादै ठुलो मात्रामा कैदी बन्दीहरु कोच्चिएर बसेको यथार्थको अवस्थामा बन्दाबन्दीमा भिडकम गर्दै शारीरिक दुरी कायम गरी संक्रमणको जोखिमबाट संरक्षणको लागि कैदीबन्दीको स्वास्थ्य सुरक्षाको उपयोगितालाई समेत ध्यानमा राख्नुपर्ने देखिन आयो।

१५.प्रस्तुत बन्दीप्रत्यक्षीकरणको निवेदनको सुनुवाईको क्रममा देशमा उत्पन्न विकट परिस्थितिका लागि मान्य हुने र पछिका सामान्य अवस्थामा मुलुकी फौजदारी कार्यविधी संहिता,२०७४ को दफा १५५ नं. का आदेश उपर बन्दीप्रत्यक्षीकरणका निवेदन आकर्षण हुने नहुने भन्ने व्यख्यात्मक विषय रहने भएता पनि आजको अवस्थामा बाँके

जिल्ला अदालतको मिति २०७६।१२।२६ को आदेशको औचित्य पुष्टी हुन आएन भनी विद्वान कानुन व्यवसायीहरुले बहसका क्रममा उल्लेख गर्नुभयो।

१६.यी निवेदकहरु बन्दीप्रत्यक्षीकरणको निवेदन मार्फत यस अदालतमा प्रवेश गरेका भएता पनि निवेदनमा मुलुकी फौजदारी कार्यविधी संहिता,२०७४ को दफा १५५ बमोजिम बाँके जिल्ला अदालतबाट ठेकिएको कैद अवधी भुक्तान गर्न बाँकी अवधी र लागेको जरीवानाको रकम तिरी बुझाई थुनाबाट मुक्त हुन पाँउ भन्ने गुढ (मुख्य) विषय रहेकोमा यी निवेदकले ठेकिएको कैदको भुक्तान हुन बाँकी रहेको अवधी र लागेको जरीवाना तिरी/बुझाई छुट्न मन्जुर गरेबाट उक्त दफा १५५ का रोहबाट फैसला पूर्णता कार्यान्वयन हुन जाने देखिन आयो। कानूनको स्वर्णिम व्याख्या (Golden Interpretation) गर्नुपर्ने सर्वमान्य सिद्वान्त अनुसार पनि कानूनतः प्रदान अधिकारमा अदालत बाधक नभई मार्ग प्रशस्त गर्ने नै हुनुपर्दछ।

१७.अब निवेदकहरु बन्दीप्रत्यक्षीकरणको निवेदनद्वारा जिल्ला अदालतको मुलुकी फौजदारी कार्यविधी संहिता,२०७४ को दफा १५५ नं. को आदेश उपर पर्न आएकोमा माग बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी भएको अवस्थामा यी निवेदकहरु निशर्त छुट्न पाउने हो वा शर्त(Conditional) बन्दी प्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने हो भनी हेर्दा सम्मानित श्री सर्वोच्च अदालतबाट प्रतिपादित सिद्दान्त र यी निवेदकहरुले आफू उपर लागेको कैद भुक्तान गर्न बाँकी रहेको कैद अवधी वापत हुन आउने कैद वापतको रकम र लागेको जरीवाना तिर्न मन्जुर रही सोही व्यहोरा दर्शाई निवेदन दिएका र यी निवेदकहरु अदालतको फैसलाले कैद भुक्तानका लागि बसी कैद भुक्तान गर्दै आएको देखिन आउँदा कानूनको शुन्यताको प्राविधिक कारणले बन्दी प्रत्यक्षीकरणको आदेश जारी भएता पनि मुलुकी फौजदारी कार्यविधी संहिता,२०७४ को दफा १५५ को प्रतिकुल जान सक्ने अवस्थाको विद्यमानता नहुँदा हाल देशमा उतपन्न विषम परिस्थिति,सम्मानित श्री सर्वोच्च अदालत फुलकोर्टका मिति २०७६।१२।०७, २०७६।१२।१२,२०७६।१२।२१ र २०७६।१२।२८ को निर्णय एंव सम्मानित श्री सर्वोच्च अदालतबाट प्रतिपादित सिद्दान्त समेतका आधारमा रिट निवेदन बेहोरा कानुन सम्मत नै देखिन आयो।

१८.अतः प्रस्तुत बन्दीप्रत्यक्षीकरणको निवेदन,मिसिल संलग्न लिखित जवाफ र निवेदकका तर्फबाट पेश भएका फैसलाको प्रतिलिपी समेतको समग्र अध्ययनबाट विपद्को यस विशेष परिस्थितिमा सम्मानित श्री सर्वोच्च अदालतको मिति २०७६।१२।०७ र तत् पश्चात

का फुलकोर्टका निर्णय (विज्ञप्ती) समेतका आधारमा प्रस्तुत निवेदन अनुसार बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ। सो ठहरेकाले यी निवेदकहरु प्रजुन गिरी,श्रीशेष रावल,लिला बहादुर बस्नेत,मेघराज रोकाया,सुन्दर हरिजन,समिर सिद्दिकी,मिन बहादुर शाह,सीता कामी र हस्तबहादुर वि.क..ले निजहरुले भुक्तान गर्न बाँकी रहेको कैद अवधीको कानुन बमोजिम हुन आउने रकम र जरीवाना वापतको रकम दाखिला गरेमा तत्काल निजहरुलाई कैदबाट छाडी दिन भनी बाँके जिल्ला अदालतमा लेखी पठाउने गरी अरु कुराको हकमा तपसिल बमोजिम गर्ने गरी यो आदेश गरिदिएको छ।

<u>तपसिल</u>

- माथी आदेश खण्डमा प्रस्तुत बन्दीप्रत्यक्षीकरणको रिट जारी भएको सन्दर्भमा यी निवेदकहरुले मुलुकी फौजदारी कार्यविधी संहिता,२०७४ को दफा १५५ बमोजिमको सुविधा सम्म प्राप्त गरेकाले उक्त दफा १५५ मा व्यवस्थित प्रावधानको यी निवेदकहरुले पुर्णतः पालना गर्नुपर्ने भएकोले सो को रेकर्ड राख्नु भनी बाँके जिल्ला अदालतमा लेखी पठाउनु-------------------------------------------------------------------१
- नक्कल माग्ने सरोकारवालालाई नियमानुसार आदेशको नक्कल दिनू-------------------२
- आदेशको प्रति विद्युतीय प्रणालीमा अपलोड गरी प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू-------------------------३

(पवन कुमार शर्मा न्यौपाने)
न्यायाधीश

उक्त रायमा म सहमत छु।

(राजेश कुमार काफ्ले)
न्यायाधीश

<u>आदेश तयारपार्न सहयोग गर्ने</u>

इजलास अधिकृतः- तिर्थराज आचार्य

इति सम्वत् २०७७ साल बैशाख महिना ०९ गते रोज ३ शुभम्----------------------।

न्यायाधीश

फैसला प्रमाणिकरण भएको मितिः- २०७७।१।२१।१

अदालतको छाप